# (घ) वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि-२०७६

## राजपत्रमा प्रकाशित

भाग-२
खण्ड-१, संख्या-११

| |
|---|
| गाउँ सभा बाट पारित मिति : २०७६।०४।१० |
| प्रमाणिकरण मिति : २०७६।०४।१२ |

## बरियारपट्टी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बरियारपट्टी, सिरहा
प्रदेश नं. २ (नेपाल)

## (घ) वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि-२०७६

कार्यपालिकाबाट पारित मिति : २०७६।०४।१०
प्रमाणिकरण मिति : २०७६।०४।१२

प्रस्तावना : स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मुलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता, विश्वानियता तथा भेद्भाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम् उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न,

सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी बरियारपट्टी गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने: प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

२. नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था : (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस बरियारपट्टी गाउँपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा सिभिल ईन्जिनियर/सव-ईन्जिनियर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (२० बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेको निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम बरियारपट्टी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत् अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

३. इजाजतपत्रको अवधि र नवीकरण : (१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीइ तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्बन्धित गाउँपालिकाबाट अनुसूची-२ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न गाउँपीलकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पास-बुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीको आफूले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । यसरी अनुसूची-४ बमोजिमको पास-बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका बाध्य हुने छैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको ६ महिनाभित्र सबै प्रक्रिया पूरा गरी इजाजतपत्र नविकरण गराउन चाह्ने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरि दिनेछ ।

(४) इजाजतपत्रको खारेजी : (१)देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ:

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरेको सम्बन्धित निकायबाट लेखी आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखी आएमा,

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिव माफिकको मौका दिइनेछ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वत: खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

(५) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था : कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

(६) प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(७) बचाउ: यसअघि प्रचलित कानून बमोजिम दर्ता भएको ठेक्का बन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

जननी जन्मभूमिश्च स्वर्गादपी गरीयसी

अनुसूची-१

कार्यविधिको दफा २ को उपदफा (१) संग सम्बन्धित

ईजाजत पत्रको लागि दिइने दरखास्त

| दरखास्त वालाको फोटो |
|---|

**विषय : इजाजत पाऊँ भन्ने बारे ।**

श्री बरियारपट्टी गा.पा.को कार्यालय

............................

यस बरियारपट्टी गा.पा.को कार्यविधि .............................. बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरेको छु ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनी

नाम :

ठेगाना :

पोष्ट वक्स नं. :

टेलिफोन नं. : फ्याक्स नं. ईमेल:

२. फर्म वा कम्पनीको प्रकृति (कोठामा रेजा लगाउनुपर्ने):

| | |
|---|---|
| | प्राइभेट लिमिटेड कम्पनी |
| | पब्लिक लिमिटेड कम्पनी |
| | एकलौटी |
| | साझेदारी |

(कोठामा रेजा लगाउनु पर्नेछ)

३. फर्म वा कम्पनीको विवरण :

दर्ता नं. दर्ता मिति :

अधिकृत पूँजी : जारी पूँजी :

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

४. इजाजतपत्र लिन चाहेको वर्ग : (घ) वर्ग

५. समूहिकरण हुन चाहेको समूह :

६. आर्थिक श्रोतको विवरण :

| | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण अन्य बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिने

७. कामदारको विवरण :

(क) प्राविधिक :

(ख) अप्राविधिक :

(ग) अन्य : प्राविधिक कर्मचारीको अभचतषअबतभ को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नुपर्नेछ ।

८. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात ( दर्ता प्रमाणपत्र) तथा भाडामा लिएको सवारी साधन तथा मेशिनरी औजाहरुका लागि सम्झौता पत्र र उक्त मेशिनरी औजाहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनुपर्नेछ ।

९.	यस अघि सम्पन्न गरेको कामको विवरण :

| सि. नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था ( प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

१०.	करचुक्ता गरेको प्रमाण कागजात :

क.

ख.

ग.

यस दरखास्त फारममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।

निर्माण व्यवसायिको छाप

दरखास्तवालाको :

दस्तखत :

मिति :

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयको माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

अनुसूची-२

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) संग सम्बन्धित

| क्र. सं. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र नविकरण दस्तुर | ईजाजतपत्र नविकरण दस्तुर | इजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु.१०००।०० | रु.१०००।०० | रु.२०००।०० | रु.५०००।००० |

द्रष्टव्य : "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २० बमोजिमका दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र इजाजतपत्र नवीकरण गराउँदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

**अनुसूची-३**

कार्यविधिको दफा २ उपदफा (१) र दफा ३ को उपदफा (३) संग सम्बन्धित

**ईजाजतपत्र**

ईजाजतपत्र नं. : मिति :

**बरियारपट्टी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बरियारपट्टी, सिरहा**
**प्रदेश नं. २ (नेपाल)**

"घ" वर्गको निर्माण व्यवसाय गर्न ...................... स्थित कार्यालय भएको .............. फर्म वा कम्पनीलाई ईजाजतपत्र प्रदान गरिएको छ ।

ईजाजतपत्र दिनेको:
दस्तखत :
नाम :
पद :
मिति :
कार्यालय :

(यस वृत्तिभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने,

नविकरण

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

अनुसूची-४

निर्माण व्यवसायीबाट भएको सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र. सं. | आयोजनको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपकमको नाम (यदि भएमा) | शेयर प्रतिशत | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | ख्बचष्बतष्यल को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क. ठेक्का रकम | क. नाम : | क. थप समय | क. Variation पछिको Contract Amount | क. सम्पन्न रकम | क. अन्तिम ठेक्का रकम | |
| | | | | | | | | | | | |
| | | | | | ख. सम्झौता मिति | ख. पद : | क. नाम : | क. Variation को निर्णय गर्ने पदाधिकारीको नाम | ख. सम्पन्न मिति | ख. सम्पन्न मिति | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | ग. ठेक्का अवधि | ग. हस्ताक्षर | ख. पद : | ख. पद : | ग. सम्पन्न ५ | ग. नाम : | |
| | | | | | | | | | | | |
| | | | | | | घ. छाप | ग. हस्ताक्षर | ग. हस्ताक्षर | घ. नाम : | पद | |
| | | | | | | | | | | | |
| | | | | | | | ङ. निर्णय मिति | ङ. छाप | पद | हस्ताक्षर | |
| | | | | | | | छाप | | हस्ताक्षर | छाप | |
| | | | | | | | | | | | |
| | | | | | | | | छाप | | | |

अनुसूची-५

“घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनुपर्नेछ।

३. मेशीन र उपकरण :

(क) ट्रिपर/ट्याक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) त्जभयमयष्तिभरीभखर्भा :बअजष्लभ (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा सतक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन।